जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ | अंक १४७ | २०८१ साल पुस २३ गते मंगलबार (7 Jan. 2025 Tuesday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : महिनावारी विभेद अन्त्यका... ३ पृष्ठमा : तालतलैयामा आगन्तुक चराको ... ३ पृष्ठमा बंगलादेशकी पूर्व प्रधानमन्त्री.

# विवाह अगावै बच्चा जन्माएकी किशोरीको विचल्ली, न्यायका लागि आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ७ हाटीकी १५ वर्षिया एक किशोरी विच्चलीमा परेकी छिन ।

छिमेकी एक युवासँग प्रेममा परेकी सन्तोषी कुमारी मण्डल गर्भवती भएपछि प्रेमी नै फरार भएका कारण विचल्लीमा परेकी हुन ।

नेपाल पत्रकार महासंघ सप्तरीमा सोमबार पत्रकार सम्मेलनको आयोजना गरि सन्तोषी र उनका आमा बुबाले न्यायका लागि अपिल गरेका छन ।

विहेको प्रलोभन देखाई छिमेकी २२ वर्षिय प्रमोद कुमार मण्डलले पटक/पटक शारिरीक सम्बन्ध कायम गरी गर्भवती बनाएर फरार भएपछी उनी न्याय खोज्दै बुवा आमासहित सदरमुकाम राजविराज आईपुगेका हुन ।

एक वर्ष पुरानो घटनाको जिल्लामा कतै कुनै सुनवाई नभएपछि न्याय खोज्दै राजविराज आईपुगेका मण्डल परिवारले गर्भ नफालेकी संतोषीलाई अब बच्चालाई कसरी हुर्काउने भन्ने चिन्ताले थप पीडा भएका बताए ।

स्थानीय प्रमोदले आफुलाई गर्भवती बनाएर फरार भएको बताउँदै सन्तोषीले शुरुमा विहे गर्छु भन्दै शारिरीक सम्बन्ध बनाएको तर पछि गएर गर्भ वसेपछि प्रमोद अचानक सर्म्पक विहीन भएको बताइन् ।

घटना सार्वजनिक भएपछी गाउँमा पटक/पटक समाजका अगुवाले दवाव बनाएर फरार केटाका आमा बुआलाई घरमा राख्न लगाएको तर १५ दिन नवित्दै छोरीलाई घर निकाला गरिदिएको पत्रकार सम्मेलनमा आमा शियावतीले बताईन । बुवा जगतका अनुसार सूरुमा प्रमोदलाई बाहिर पठाई लुकाइएको र त्यसपछी उनका परिवारले छोरीलाई ३/४ लाख रुपैया दिने सम्मको प्रलोभन दिदै गर्भ फाल्न दवाब दिने प्रयास गरेको बताए ।

तर छोरीले विवाह गर्ने बाचा गरेका कारण गर्भ नफाल्ने र प्रमोद संगै विहे गर्ने अडान राखेका कारण घर निकालामा परेको बुवा जगतले सुनाए ।

गरिब परिवारकी संतोषी प्रमोद कै घरमा भाडावर्तन माझ्ने (नोकरानी) को काम गर्थिन । सोही वेला प्रमोदले विहेको प्रलोभन देखाई पटक पटक शारिरीक सम्बन्ध कायम गरेको संतोषीले सुनाईन ।

प्रेमको नाममा धोखा दिने प्रमोद माथी उनी छिन्नमस्ता प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालयमा २०८० माघ ३ गते जाहेरी समेत दिइसकेकी छिन । तर प्रहरीले अहिले सम्म प्रमोदलाई पक्राउ गर्न सकेको छैन ।

पीडित सन्तोषी तथा उनका आमा बुवाले प्रमोदलाइ पक्राउ गरेर कारवाही गर्नु भन्दा पनि उनी संगै सुरक्षित साथ श्रीमान श्रीमतीको रुपमा वस्ने वातावरण बनाई दिनु पर्ने माग गरेका छन । पत्रकार सम्मेलनमा संतोषीकी बृद्ध आमा बुवाले छोरीले न्याय न पाए पुरै परिवार आत्मदाह गर्न बाध्य हुने जनाएका छन ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले संतोषीलाई गर्भवती बनाएर फरार रहेका प्रमोद उपर २०८० साल मै जबरजस्ती करणी मुद्दा दर्ता गरी कारवाही प्रकृया अघि बढाएको बताए । उनको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

# रकम दोब्बर पारिदिने भन्दै ठगी गरेको आरोपमा पक्राउ परेका हनुमानीलाई प्रहरीले गऱ्यो सार्वजनिक




**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

रकम दोब्बर पारिदिने भन्दै ठगी गरेको आरोपमा पक्राउ परेका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ का हनुमानी भन्ने रामबहादुर रजकलाई प्रहरीले सोमबार सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा सोमबार आयोजित पत्रकार सम्मेलनमा अघिल्लो दिन गाउँबाटै पक्राउ परेका रजकलाई सार्वजनिक गरिएको हो ।

पत्रकार सम्मेलनमा सर्वसाधारणसँग पैसा दोब्बर पारिदिने भन्दै लाखौं रकम ठगी गरेको आरोप रहेको बताउँदै प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले उनीमाथी ठगी तथा अपराधिक विश्वासघात कसुरमा मुद्दा चलाइने बताए ।

सप्तरी जिल्ला अदालतबाट पुस ७ गते पक्राउ गर्न अनुमति लिई खोजतलासको क्रममा अघिल्लो दिन आइतबार साँझ बभनगामा टोलस्थित सडक खण्डबाट उनलाई पक्राउ गरिएको प्रहरी उपरिक्षक खतिवडाले जानकारी दिए ।

रजक लामो समयदेखी सप्तरीमा रकम दोब्बर पारिदिने भन्दै एजेन्टहरु मार्फत यस्तो ठगी धन्दा चलाउँदै आएको प्रहरीको भनाई छ । पीडित मध्येका हरिनारायण यादव समेतको जाहेरीले बादी नेपाल सरकार रहेको मुद्दामा प्रतिवादी रहेका रजक पक्राउ परेको तथा सो ठगी धन्दामा संलग्न रहेका अन्य

*बाँकी अन्तिम पृष्ठमा*

# डाक्नेश्वरी नगरपालिकाका नवनिर्वाचित वडाअध्यक्षसहित दुई जना कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ का नवनिर्वाचित वडाअध्यक्ष धीरेन्द्रकुमार साहसहित दुई जना सोमबार पुर्पक्षका लागि कारागार चलान भएका छन् ।



थुनछेक बहस सकिएपछि सप्तरी जिल्ला अदालतका न्यायाधीश दीपक धितालको एकल इजलासले उनीहरु कारागार चलान भएका हुन् । उनीसँगै सोही वडाका शिक्षक राजनारायण साह पनि पूर्पक्षका लागि कारागार चलान भएका हुन् ।

नवनिर्वाचित वडाअध्यक्ष तथा शिक्षक राजनारायण साहसहित ६ जनाबिरुद्ध दुई वटा मुद्दा दर्ता भएको थियो । उनीहरूबिरुद्ध जर्वजस्तीकरणी गरी कर्तव्य ज्यान गरेको र अपहरण गरी व्यक्ति

*बाँकी अन्तिम पृष्ठमा*

**उपभोक्ता सचेत बनौं**

➢अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रुपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,

➢त्यस्ता गैहकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्वन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,

➢सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महिनावारी विभेद अन्त्यका भएनन् प्रयास

**ममता भट्ट**
डडेल्धुरा, २२ पुस (रासस) ।

डडेल्धुरा सदरमुकामस्थित भीमदत्त बहुमुखी क्याम्पसमा बिबिएस तेस्रो वर्षमा अध्ययनरत बैतडीको पाटन नगरपालिका-१० कि लक्ष्मी भट्टलाई सदरमुकाम डडेल्धुरामा कोठा पाउन निकै कठिनाइ भएको छ । उहाँले केही दिन साथी र आफन्तको घरमा बसेर क्याम्पस आउजाउ गर्नुभयो । कोठा खोज्दा अचेलका केटीहरूले महिनावारी भएको बेला बार्दैनन् भन्दै कोठा भाडामा दिन कोही तयार भएनन् ।

लक्ष्मी भन्नुहुन्छ, “महिनावारीको बेला बार्ने र पानी माग्ने मान्छे भए मात्रै कोठा पाइन्छ भन्ने कुरा फैलिएको रहेछ । डडेल्धुरामा कोठा पाउन यति कठिनाइ भयो कि कतिपय दिन क्याम्पस जानै सकिन ।” महिनावारीको कारणले गर्दा उहाँलाई पटकपटक कोठा सर्नुपरेको थियो । यस्ता बाध्यताका कारण क्याम्पसको नियमित पढाइ छोडेर घर फर्किनुपरेको उहाँले बताउनुभयो । “क्याम्पसमा पनि समस्या नै हुन्छ, प्याड फेर्ने ठाउँ हुँदैन”, उहाँले आफ्ना पीडा पोख्नुभयो ।

उहाँले आफ्नो घरमा पनि महिनावारीको विभेद भोग्नुभएको छ । मर्यादापूर्वक महिनावारीको समय बिताउने अवसर नै उहाँलाई कहिल्यै मिलेको छैन । महिनावारीका समय आत्मसम्मानसहित सामान्य व्यवहार गर्नुपर्ने कुरा उहाँलाई थाहा छैन । नेपालको संविधानले शारीरिक अवस्थाका कारण कुनै प्रकारको भेदभाव नगर्न र समानताका हक सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको सुनिश्चित गरेको छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगर्ने प्रावधान राखेको छ । तर, यो संवैधानिक प्रावधान केवल मीठा शब्दको भरमै सीमित भएको छ । लक्ष्मीजस्ता धेरै महिलाले अझै यसका फाइदाहरू अनुभव गर्न सकेका छैनन् ।

**आधार नै कमजोर**

डडेल्धुरा अस्पताल प्रदेशकै एकमात्र सङ्घीय सरकार मातहतको अस्पताल हो तर यहाँ आउने सेवाग्राहीले मात्र हैन, कार्यरत महिला स्वास्थ्य कर्मचारीलाई समेत महिनावारीको समयलाई लक्षित गरेर कुनै पनि सेवा सुविधा छैन । बच्चाको उपचारको लागि दुई दिनदेखि अस्पतालमा बस्दै आएकी बझाङको बित्थडचिर गाउँपालिकाकी सुनिता धामी राति १० बजेतिर महिनावारी हुनुभयो । अस्पतालको धेरै वार्डमा प्याड खोज्दा कतै पाउनुभएन । सानो बिरामी बच्चा काखमा च्यापेर अस्पतालको फार्मेसीमा प्याड किन्न जानुभयो, त्यहाँ पनि सकिएको छ, भन्ने जवाफ आयो । बच्चा बिरामी भएको पीर एकातिर, अर्कोतिर महिनावारी रगत थेग्ने प्याड समेत पाइएन' केही उपाय नचलेपछि बच्चालाई ओढाएको सल च्यातेर, प्याड बनाउनुपर्‍यो ।

सुनिता मात्रै हैन, यस्ता समस्या त दैनिक कतिले भोग्छन, कुनै तथ्याङ्क छैन । जहाँ सयभन्दा बढी महिला कर्मचारी कार्यरत छन्, दैनिक तीन सयभन्दा बढी बिमारी उपचारका लागि आउने गर्छन्, त्यो ठाउँमा समेत निःशुल्क महिनावारी प्याडको व्यवस्थापन गरिएको छैन । डडेल्धुरा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सन्तोष गुप्ताले अस्पतालमा निःशुल्क महिनावारी प्याड राख्न नसकेको स्वीकार गर्नुभयो ।

**जहाँ त्यहीँ महिनावारी विभेद**

भागेश्वर गाउँपालिका-१ की १७ वर्षीया यमुना गिरी महिनावारी भएको चार वर्ष भयो । १३ वर्षको उमेरदेखि महिनावारी हुन थालेकी यमुनालाई महिनावारी विभेदमा परेको बारेमा जानकारी छैन । उहाँ भन्नुहुन्छ, “मेरो दिदी, भाउजू, आमाले जसरी महिनावारी हुँदा बस्दै खाँदै आएका छन्, म पनि त्यही गरिराखेकी छु । कसले विभेद गर्‍यो भन्नु । महिनावारीको बेला दूध दही खाँदिनन्, दाजु र बुबाको मुख हेर्दिनन् । पहिलोपटक महिनावारी हुँदा २२ दिनसम्म अलग बसेँ”, उहाँले थप्नुभयो, “२२ दिनसम्म अलग बसिरहेरको बेलामा दोस्रो पटकको पनि महिनावारी भएँ । त्यसपछि फेरि महिनावारी बस्ने समय थपियो । एकैचोटी ६३ दिनपछि घरमा आएको हो ।”

घरमा मात्रै होइन, विद्यालयमा पनि उहाँले विभेद भोग्नुपरेको छ । “विद्यालयमा पनि समस्या छ नि ! एक महिनामा पाँच दिन विद्यालयमा प्याड कहाँ फेर्ने ? कहाँ फाल्ने, पेट दुखेमा के गर्ने भन्ने तनावमा बित्छ”, उहाँले भन्नुभयो, “पढाइमा ध्यान नै जान सक्दैन । कति पढाइ त छुटिरहेको हुन्छ ।” शिक्षा तथा मानव विकास स्रोत केन्द्रको प्रतिवेदन २०८० अनुसार सुदूरपश्चिम प्रदेशमा कक्षा ९ देखि १२ सम्म भर्ना भएका एक लाख ८९ हजार आठ सय ९५ जना जम्मा विद्यार्थी छन् । यसमा ९७ हजार दुई सय पाँच छात्रामध्ये एक वर्षमा ९ देखि १० का २.४ प्रतिशत र ११ देखि १२ कक्षाका १.१ प्रतिशत छात्राले पढाइ छोड्ने गरेका छन् । तर, किन छात्राहरू पढाइ छोडिरहेका छन् ? के महिनावारीकै कारण छोडेका त होइनन् भन्ने विश्लेषण गरिएको छैन ।

**सरकारी कार्यालयमा समेत समस्या**

सामाजिक विकास कार्यालय डडेल्धुरामा प्राविधिक सहायक पदमा कार्यरत कमला भट्ट महिनावारी हुने दिन नजिकिएपछि झोलामा महिनावारी प्याड राख्ने गर्नुहुन्छ । आफू महिनावारी हुने एक हप्ताअघिदेखि लक्षण थाहा हुने हुँदा बोकेरै जाने गरेको उहाँ बताउनुहुन्छ । कहिलेकाहीं महिनावारी अनियमित भएपछि आफूलाई धेरै गाह्रो हुने र कोठामा गएर लुगा र महिनावारी प्याड फेरेर आउने गरेको उहाँ बताउनुहुन्छ ।

जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालयलगायत जुनसुकै सरकारी कार्यालयका महिला कर्मचारी र सेवाग्राहीलाई लक्षित गरेर महिनावारी प्याड राखिएको छैन । यसले गर्दा सरकारी कार्यालयमा सहजरूपमा सेवा प्राप्तिमा समस्या भइरहेको महिलाहरूको गुनासो छ । सरकारी कार्यालयमा महिनावारी प्याड उपलब्ध नहुँदा उनीहरूले अनेक समस्या भोग्नुपरेको महिला अधिकारकर्मी अन्जु गैरे बताउनुहुन्छ ।

**घरघरमा महिनावारी विभेद**

आलिताल गाउँपालिका-८ की तारा मडै अहिले २२ वर्षकी हुनुभयो । उहाँ १४ वर्षको उमेरमा पहिलोपटक महिनावारी हुँदादेखि महिनामा चार दिनसम्म सुक्खा साग र रोटी मात्रै खाने गर्नुहुन्छ । कतिचोटी महिनावारी हुँदा त रक्तचाप कम भएर बेहोस हुनुभएको थियो । उहाँले भन्नुभयो, “बरु दूध दही बजारमा लगेर बेचिन्छ तर गाईभैंसी बिग्रिन्छ भनेर महिनावारी भएको बेला दूध दही खान दिइँदैन ।”

अमरगढी नगरपालिकाकी कल्पना पनेरुले नगरक्षेत्रभित्रै महिनावारी भएका बेला आफ्नो छोरीलाई घरको तल्लो तलामा रहेको गोठमा राख्ने गरेको बताउनुभयो । कतिपय ठाउँमा त गाईभैंसीको गोठमा समेत राखिने गरिएको पाइन्छ । माथिल्लो तलामा राखे देउता रिसाउँछन् भन्ने अन्धविश्वास रहेकाले महिनावारी भएमा तल्लो तलामा खाट बिना सुत्ने परम्परा कायम रहेको उहाँको बुझाइ छ ।

महिनावारी भएका बेला गाईबस्तु बिरामी हुने र फलफूलका बोटहरू छोएमा सुक्दै जाने हुँदा छुने हिम्मत नगरेको उहाँको भनाइ छ । जिल्लाका केही स्थानीय तहमा फाट्टफुट्ट दूध दही खान दिए पनि अधिकांश स्थानीय तहका ग्रामीण भेगका सुत्केरी र महिनावारी भएका महिलालाई दूध, दही अझै नदिएको पाइन्छ ।

महिनावारी विभेद देखावटी रूपमा मात्रै हटेको नागरिक अगुवा सिद्धराज पाठकले बताउनुभयो । महिनावारी भएपछि छाउगोठमा नबसे पनि घरको भूइँ तलामा बस्ने गरेको उहाँको भनाइ छ । “यसलाई परिवर्तन गर्नका लागि आफूबाट सुरुआत गर्नुपर्छ । अरूलाई भन्ने आफू व्यवहारमा नउतार्ने परिपाटी छ”, उहाँले भन्नुभयो, “यसको अन्त्य गर्नुपर्छ । महिला स्वयंले पनि यो विषय बुझ्नुपर्छ ।”

**के गर्दैछ स्थानीय सरकार ?**

डडेल्धुरामा दुई नगरपालिका र पाँच गाउँपालिका छन् । स्थानीय तहको कार्यक्रम घरघरमा पुग्छ तर महिनावारीको जस्तो महिलामाथिको विभेदकारी अभ्यास भने हटाउन स्थानीय तहले कुनै ठोस पहल गरेको देखिँदैन ।

जिल्लाको नवदुर्गा गाउँपालिकाले छाउपडी कुप्रथालाई मध्येनजर गरेर जनचेतनामूलक कार्यक्रमहरू गर्दै आएको गाउँपालिका उपाध्यक्ष निर्मला विष्टले बताउनुभयो । उहाँले आफू स्थानीय तहमा जनप्रतिनिधिको रूपमा आइसकेपछि महिनावारी विभेदविरूद्ध सशक्त रूपमा आवाज उठाउँदै आएको र विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा पनि हटाउन असफल भएको स्वीकार्नुभयो ।

नवदुर्गा गाउँपालिका-४ स्थित गिल्लेश्वरी प्राथमिक विद्यालयमा चार दिनसम्म महिला शिक्षक र विद्यार्थी विद्यालय जाँदैनथे । मन्दिर भएको ठाउँमा विद्यालय हुँदा महिनावारी भएको बेला धेरैको पढाइ बिग्रियो । हाल विद्यालय अर्को ठाउँमा सारिएपछि महिनावारी भएकाले बेला पनि सबै विद्यालय जान्छन् ।

“मानिसमा चेतनाको विकास भएको छैन । परम्परागत रूपमा यो चल्दै आएको छ । एकातिर देउता रिसाउने डर छ भने अर्कोतिर समाजको डर पनि छ”, उपाध्यक्ष विष्टले भन्नुभयो, “यो विस्तारै मानिसमा चेतनाको विकास भएपछि आफैं हट्छ । तत्काल यो हटाउन सक्ने अवस्था छैन ।”

स्वास्थ्य स्वयंसेविका, महिला जनप्रतिनिधि, महिला शिक्षक, महिला स्वास्थ्यकर्मी, समाजका अभियन्तालगायतले छाउपडीको बारेमा समाजमा प्रचारप्रसार गरे पनि उनीहरू आफैं महिनावारी बार्ने गरेको आरोप खेप्दै आएका छन् । यसमा स्थानीय तहका नेतृत्वमा रहेका व्यक्तिहरू पनि पर्ने भएकाले स्थानीय तहले महिनावारी विभेद हटाउने प्रयत्न गरेको दाबी गरे पनि अवस्था परिवर्तन हुन नसकेको स्थानीयहरूको भनाइ छ ।

**महिनावारी विभेदले मृत्युको मुखमा धकेल्दै**

महिनावारी हुँदा छाउगोठमै कतिपय महिलाहरू जबर्जस्ती करणीको सिकार बन्न पुगेका छन् भने कतिको सर्पले डसेर ज्यान गएको छ । महिनावारी भएको बेला छाउगोठमा गत वर्ष बैतडीको पञ्चेश्वर गाउँपालिका-४ कि १६ वर्षीया किशोरी अनिता चन्दको सर्पले डसेर मृत्यु भयो । छाउपडीका कारण सबैभन्दा बढी घटना अछाम र बझाङमा हुने गरेको प्रहरीको तथ्याङ्क छ । विसं २०७६ यता अछाममा मात्र महिनावारी भएको बेला छाउगोठबाट निस्सासिएर तीन, सर्पले डसेर एक र जबर्जस्ती करणीका कारण एक महिलाको मृत्यु भएको छ ।

त्यस्तै बाजुराको बूढीगङ्गा नगरपालिका-९ अगाउ पानीमा छाउगोठमा आगलागी भएर आमा छोराको ज्यान गएको थियो । देवीदेवता रिसाउने, घरपरिवारमा अनिष्ट हुनेलगायत सोचका कारण महिनावारी भएका बेला खाने कुरा पनि बार्ने गरेको पाइएको छ । गाउँघरमा यस्तै चलनका कारण आफूहरू पनि अलग्गै बस्ने र चार दिनसम्म महिनावारी कडाइका साथ बार्ने गरेको बैतडीको मेलौली नगरपालिका-१ कि सुनिता दयाल बताउनुहुन्छ ।

यस्तै अनुभव छ डडेल्धुराकी अभियन्ता सुनिता गैरसँग पनि । उहाँ भन्नुहुन्छ, “केही नराम्रो भइहाले धामीझाँक्रीले छुई बिग्रियो भन्छन् । महिनावारी बार्नु त परम्पराजस्तै भइसक्यो ।” पेट दुखेमा, ज्वरो आएमा मात्र नभई पैतालामा सामान्य ठेस लाग्दासमेत स्थानीय झाँक्रीले छुई बिग्रिएको भन्दै राम्ररी बार्न सल्लाह दिन्छन् । महिनावारी विभेद अन्त्य गर्नु फलामको च्यूरा चपाउनुसरह भएको उनीहरूको भोगाइ छ । महिला मुक्ति समाज डडेल्धुराकी अध्यक्ष आरती जोशीले महिनावारी विभेद अन्त्य हुन नसक्नुमा बूढापाका र धामीझाँक्री मुख्य जिम्मेवार रहेको बताउनुहुन्छ । धामीझाँक्रीको विश्वास मान्ने चलन जबसम्म रहिरहन्छ, तबसम्म शिक्षक, बुद्धिजीवी, स्वास्थ्यकर्मी, सामाजिक अगुवाले छाउपडीको घेरामा बस्नुपर्ने बाध्यता कायमै रहने उहाँको भनाइ छ । “यसलाई न्यूनीकरण गर्न शिक्षक र धामीझाँक्रीको मनस्थिति बदल्न जरुरी छ”, उहाँ भन्नुहुन्छ ।

**पहिलोपटक छाउपडी उन्मूलन नीति**

सुदूरपश्चिम प्रदेश सरकारले ‘छाउपडी प्रथाजन्य उन्मूलन नीति २०७६’ ल्याएको छ । नीतिमा महिलाविरुद्धका सबै प्रकारका विभेद अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरिएको छ । शिक्षा तथा जनचेतना अभिवृद्धि गरी छाउपडी प्रथाजन्य पुरातन रूढीवादी अन्धविश्वास, मान्यता, प्रचलन सोच र अभ्यासमा परिवर्तन ल्याई महिला अधिकारको संरक्षण र परिपूर्ति पुरा हुने गरी वातावरण तयार गर्ने उद्देश्यले नीति ल्याइएको प्रदेश सरकारले जनाएको छ । तर कतिपयले नीतिमै महिनावारी विभेदलाई मर्यादित बनाउने विषयमा प्रष्ट नभएको टिप्पणी गरेका छन् ।

सो नीति कार्यान्वयन नहुँदा अहिले पनि सुदूरपश्चिममा महिनावारी विभेद कायमै छ । प्रदेशका सामाजिक राज्य मन्त्री सरस्वती खड्काले नीति बनाएर मात्रै नहुने बताउनुहुन्छ । उहाँ नीति कार्यान्वयनमा लगेर महिनावारी विभेद हटाउने खालका कार्यक्रम सञ्चालन गरी ठोस कदम चाल्नुपर्ने आवश्यकता रहेको धारणा राख्नुहुन्छ । यता सुदूरपश्चिम प्रदेशसभाकी उपसभामुख कोइलीदेवी चौधरीले प्रदेश सरकारले कोरोनाका कारण देखाउँदै सञ्चालन नगरिएको छाउपडी कुप्रथा उन्मूलन कार्यक्रम यस वर्ष भने सञ्चालनमा आउने विश्वास व्यक्त गर्नुहुन्छ ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पनि छाउपडी प्रथालाई गैरकानुनी घोषणा गरी आपराधिक कसुर मानेको छ । ऐनको दफा १६८ को उपदफा (३) मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा अन्य किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु नहुने उल्लेख छ । यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा रु तीन हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । सर्वोच्च अदालतले २०६२ सालमै छाउपडी प्रथालाई कुप्रथा घोषित गर्दै छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्न सरकारको नाममा निर्देशनात्मक आदेशसमेत जारी गरेको थियो ।

तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले छाउपडीजस्तो कुरीतिजन्य प्रथा उन्मूलनका लागि ‘छाउपडी उन्मूलन निर्देशिका, २०६४’ जारी गर्‍यो । यसमा छाउपडी प्रथा उन्मूलनका लागि जनचेतना जगाउने, यसबाट बालिका तथा महिलाको स्वास्थ्यमा पर्ने असरबारे जानकारी गराउने र उक्त प्रथाको अन्त्य गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने भनिएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# तालतलैयामा आगन्तुक चराको चहलपहल, जलपन्छीको गणना सुरु

**भीष्मराज ओझा**
काठमाडौँ २२ पुस (रासस)।

हरेक हिउँदमा उत्तरीध्रुवबाट चिसो छल्नका लागि नेपाल आउने चराको आगमन यस वर्ष पनि भइसकेको छ। अत्यधिक चिसो हुने रुस, उत्तरी चीन, मङ्गोलिया, साइबेरियालगायतका क्षेत्रबाट जलपन्छी यस याममा अनुकूल तापक्रमको खोजीमा नेपाल आउने गर्छन्।

चराविद्हरूका अनुसार यी जलपन्छी यात्राका क्रममा बाटोमा पर्ने तालमा आराम गर्दै आउँछन्। तर कर्‍याङकुरुङ सारस भने प्रतिकूल मौसमबाहेकको अवस्थामा निरन्तर सयौँ किलोमिटर उडेर यात्रा गर्छ। चिसो क्षेत्रबाट हजारौँको सङ्ख्यामा चरा जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा भारतको राजस्थानसम्म पुग्ने गर्छन्। फर्किदा भने पाकिस्तान, अफगानिस्तानको बाटो प्रयोग गर्छन्। यी चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म चल्छ। चैतसम्म भने प्रायः चरा आफ्नो स्थायी बसोबासस्थलमा प्रजननका लागि फर्कने गर्छन्। नेपालमा हिउँदमा बसाईसरी आउने पानी चरामा हाँस, जलेवा, गङ्गाचील आदि पर्छन्।

यतिखेर मुलुकका विभिन्न नदी, ताल, तलैया, सिमसार क्षेत्रमा जाडो छल्न तथा आहाराको खोजीमा आइपुगेका आगन्तुक चराको चहलपहल बढ्दो छ। यही समयमा सिमसार क्षेत्रमा आश्रित रैथाने तथा आगन्तुक चराको विवरण र अवस्था पत्ता लगाउन एवं सङ्ख्या अद्यावधिक गर्न जलपन्छीको गणना सुरु गरिएको छ।

नेपाल पन्छीविद् सङ्घले गणनामा समन्वय गरिरहेको छ। सो संस्थाका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद पौड्यालले देशभरका ताल, तलैया, नदी र सिमसार क्षेत्रमा पाइने जलपन्छीको सङ्ख्या, प्रजाति र वासस्थानको अवस्थाबारे जानकारी लिन गणना सुरु गरिएको बताउनुभयो।

हरेक वर्ष जनवरीको पहिलो शनिबारदेखि जलपन्छी गणना सुरु गर्ने गरिएको छ। यस वर्षको गणना जनवरी ४ देखि १९ सम्म (पुस २० गतेबाट माघ ६ गते सम्म) सञ्चालन हुनेछ। कार्यकारी निर्देशक पौड्यालले भन्नुभयो, "यस अवधिमा पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाइँसराइ गर्ने चराको तथ्याङ्क सङ्कलन गरिने छ। यतिखेर खोलानालामा आगन्तुक चराको आगमन र गतिविधिले छुट्टै माहोल बनेको छ।"

गणनामा हिमाली प्रकृति, वर्ड कन्जरभेसन नेपाललगायत स्थानीय सङ्घसंस्था, चरा संरक्षणकर्मी तथा सम्बन्धित सरकारी अधिकारीहरूको सहभागिता छ। सन् १९८७ देखि हरेक वर्ष जनवरी ४ देखि दुई हप्तासम्म जलपन्छी गणना गर्ने गरिएको। सिमसारको संरक्षणमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था 'वेटल्याण्ड इन्टरनेसनल'ले विश्वव्यापीरूपमा यसको नेतृत्व गर्छ।

सन् २०२४ मा गरिएको जलपन्छी गणनामा देशभरका १८ प्रमुख सिमसार क्षेत्रअन्तर्गत ८४ साना क्षेत्रमा चार सय दुई स्वयम्सेवकले ७९ प्रजातिका ६३ हजार नौ सय जलपन्छी रेकर्ड गरेको सङ्घको तथ्याङ्क छ। यीमध्ये छवटा रामसारमा सूचीकृत सिमसार क्षेत्र पनि थिए।

वर्ड कन्जरभेसन नेपालका पश्चिम क्षेत्र परियोजना फिल्ड अधिकृत हिरूलाल डंगौराले गणनाका क्रममा आफूले जलवायु परिवर्तनको असर, सिमसारमा आएको परिवर्तन, सिकार गर्ने प्रवृति, वासस्थानको विनासलगायतका समस्या देखेको बताउनुभयो। यसबाहेक पछिल्लो समय चरा संरक्षणमा नागरिकमा सचेतना जागेको विषय सकारात्मक भएको आफूले पाएको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार विगतको तुलनामा चराको प्रजातिमा कमी नदेखिए पनि सङ्ख्यामा भने कमी आएको छ।

"मुलुकमा अभिलेख भएका आठ सय ९७ प्रजातिका चरामध्ये दुई सय हाराहारी जलपन्छी छन्", परियोजना फिल्ड अधिकृत डंगौराले भन्नुभयो, "बराइँसराइ गरेर आउने चरामा यसपटक कैले टाउने हाँस, मालक हाँस, मरुल हाँस नयाँ चरा रेकर्ड भएका छन्।" जाडो छल्न आउने हिउँदे आगन्तुक चराले प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, पोखराका ताल, बीसहजारी ताल, जगदिशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा समय बिताउँछन्।

कोशी पक्षी समाजका अध्यक्ष चक्र तिम्सिनाले कोशीका विभिन्न नदी तालतलैयामा शनिवार र आइतबार गरिएको जलपन्छी गणनामा चराको सङ्ख्या अपेक्षित नै देखिएको जानकारी दिनुभयो। यद्यपि कतिपय स्थानमा सिमसार क्षेत्रको सङ्कुचन, जलकुम्भी र मिचाहा प्रजातिको वृद्धि, अनियन्त्रित माछा मार्नेलगायतका गतिविधिका कारण चरा आहारामा चुनौती देखिएको उहाँको भनाइ छ। "यस क्षेत्रका केही ताल र सिमसार क्षेत्रमा आवश्यकभन्दा जलकुम्भी देखिएको छ, यसले पन्छीलाई आहारा खान कठिनाइ हुन्छ", उहाँले भन्नुभयो।

पछिल्ला दिनमा सिमसारमा नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, पर्यटन प्रवर्द्धनका नाममा तालतलैयामा डुङ्गा सञ्चालन, भौतिक संरचनाको निर्माण र वनभोजजस्ता पर्यावरण प्रतिकूलतासमेत थपिएका अध्यक्ष तिम्सिनाको भनाइ छ।

सन् १९८७ देखि नेपालमा पनि नियमितरूपमा हुँदै आएको जलपन्छी गणनाको मुख्य उद्देश्य पानीमा आश्रित बसाईसराइ गर्ने र पानीमा र यस वरिपरि बस्ने चराको सङ्ख्या र वितरणबारेमा जानकारी सङ्कलन गर्नु हो। यसबाट हामी सिमसार क्षेत्रको अवस्था, जलपन्छीको प्रजनन अवस्था र जलवायु परिवर्तनको असरबारे समेत जानकारी पाउन सकिने यस क्षेत्रका जानकारहरूको भनाइ छ।

# मस्तिष्कघातको निःशुल्क उपचारको तयारीमा सरकार

काठमाडौँ, २२ पुस (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले सरकारले मस्तिष्कघातको निःशुल्क उपचारको तयारी गरिरहेको बताउनुभएको छ।

कान्ति बाल अस्पतालको ६३औँ वार्षिकोत्सवका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा उहाँले यसका लागि मन्त्रालयले कार्ययोजना बनाइरहेको बताउनुभयो। उहाँले कान्ति बाल अस्पतालमा बाल क्यान्सरको निःशुल्क उपचारको व्यवस्था बनाइसकेको समेत उल्लेख गर्नुभयो।

कान्ति बाल अस्पतालमा भौतिक पूर्वाधार र जनशक्तिको अभाव रहेको विषयमा आफू जानकार रहेको बताउँदै उहाँले मन्त्रालयका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। "अस्पतालले हाल सीमित स्रोत र साधनका बावजुद गुणस्तरीय सेवा प्रवाह गरिरहेको छ, यसैका कारण धेरैको विश्वास कान्तिमा छ", उहाँले भन्नुभयो।

त्यस अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी बिच्छाले कान्ति अस्पताललाई बाल स्वास्थ्य अध्ययन संस्थानका रूपमा विकास गर्न आवश्यक रहेको धारणा राख्नुभयो।

"अस्पतालमा शय्याको सङ्ख्या बढाए पनि बिरामीको चाप कम भएको छैन", उहाँले भन्नुभयो, "अस्पतालमा बिरामीको चाप कम गर्न प्रत्येक प्रदेशमा एक सयदेखि तीन सय शय्यासम्मको बाल अस्पताल निर्माण गर्नुपर्छ।"

अस्पताल विकास समितिका अध्यक्ष श्रीराम सुवेदीले अस्पताल चिकित्सा क्षेत्रको राष्ट्रिय सम्पदाका रूपमा रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "अस्पतालले उपचार सेवामा विविधिकरण र विशिष्टीकरण गरेको छ। हाल १४ वर्ष मुनिका उपचार गर्ने बालबालिकाको सङ्ख्या २८ प्रतिशत छ। यो समूहलाई उपचार सेवा दिएर ठूलो सेवा गरेको छ।"

उहाँले बिरामीको चापको अनुपातमा भौतिक संरचना र जनशक्ति कम रहेको बताउनुभयो। अस्पतालले वार्षिकोत्सवको अवसरमा वायु गुणस्तर मापन उपकरण जडान गरेको उहाँले जानकारी दिनुभयो।

अस्पतालका निर्देशक डा पङ्कज रायले अस्पतालमा हाल जनशक्ति र भौतिक पूर्वाधारमा कमी रहेकाले सुधार गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो।

"अस्पतालमा अहिले पनि शल्यक्रियाका लागि पालो पर्खिनुपर्ने अवस्था छ। सघन उपचार कक्ष पनि थप गर्नुपर्नेछ", उहाँले भन्नुभयो, "अस्पतालको बृहत गुरुयोजना अनुरुप विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)को काम सुरु भइसकेको छ।" उहाँले थप स्रोत जुटाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र कतार दूतावाससँग पहल गरिरहेको जानकारी दिनुभयो।

देशको एकमात्र सरकारी केन्द्रीय तथा रिफरल बाल अस्पतालका रूपमा रहेको कान्ति बाल विसं २०१९ पुस २२ गते स्थापना भएको हो। तत्कालीन समयमा ५० शय्याबाट सुरु भएको यस अस्पतालमा हाल तीन सय ७२ शय्या छन्। अस्पतालले आर्थिक वर्ष २०८०/८१ मा एक लाख ८० हजार बालबालिकालाई सेवा उपलब्ध गराएको सो अवसरमा जानकारी दिइयो।

# 'प्रजातन्त्र सेनानीको सक्रियताले नेपालमा परिवर्तन सम्भव'

धनुषा, २२ पुस (रासस)।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले प्रजातन्त्र सेनानीको सक्रियताका कारण नेपालमा परिवर्तन सम्भव भएको बताउनुभएको छ। नेपाली जनताले आजसम्म जे जति अधिकार प्राप्त गरेका छन् त्यसमा प्रजातन्त्र सेनानीको भूमिका रहेको उहाँले उल्लेख गर्नुभयो।

जनकपुरधाममा सोमबार नेपाल प्रजातन्त्र सेनानी सङ्घ मधेश प्रदेशको प्रथम प्रदेश अधिवेशनको उद्घाटन गर्दै नेता निधिले राणा शासनलाई समाप्त पारेर संवैधानिक राजतन्त्र र संसदीय प्रणाली ल्याइएको बताउनुभयो। निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्था फालेर बहुदलीय प्रणाली स्थापनामा प्रजातन्त्र सेनानीहरूको सक्रिय, सजग, दूरदर्शी र नेतृत्वदायी भूमिका रहेको नेता निधिले बताउनुभयो।

"प्रजातन्त्र सेनानीको सक्रिय भूमिकाबिना नेपालमा परिवर्तन सम्भव थिएन," उहाँले भन्नुभयो। प्रजातन्त्र सेनानीहरू क्रान्तिकारी, आन्दोलनकारी र सङ्घर्षशील हुने गरेको तथा परिवर्तनको पक्षमा काम गर्दैआएको उहाँको भनाइ थियो। सरकारले प्रजातन्त्र सेनानीको पक्षमा एउटा आयोग गठन गर्नुपर्ने नेता निधिले बताउनुभयो।

"पुरानो पुस्ताका बारेमा थोरै पनि जानकारी राख्न सक्यौँ भने आफ्नो भावी पुस्तालाई हस्तान्तरण गर्न सक्छौँ। भावी पुस्तालाई पूर्वजहरूको इतिहास हस्तान्तरण नगरिए प्रजातन्त्र सेनानीको उपलब्धिबारे कसैले कुनै चासो र चिन्ता व्यक्त गर्दैनन्," उहाँले भन्नुभयो। नेता निधिले वर्तमान संविधानका कतिपय विषयमा संशोधनको आवश्यकता रहेको बताउनुभयो। कांग्रेसकै अग्रसरतामा संविधानको कार्यान्वयन हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो।

"सङ्घीयतालाई दिगो र सबल बनाउन केन्द्रीय मानसिकता हटाएर संविधानको अनुसूचीअनुसार प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको प्रयोग गर्न पाउनुपर्छ, सातै प्रदेशमा सङ्घीय संरचनाअनुसार प्रदेशले प्रदेश प्रहरी तत्काल राख्न पाउनुपर्छ," नेता निधिले भन्नुभयो।

## विश्व समाचार

# बंगलादेशकी पूर्व प्रधानमन्त्री हसिनाविरुद्ध दोस्रो पटक पक्राउ पुर्जी जारी

ढाका, पुस २२ (रासस/एएफपी)।

बङ्गलादेशको एक अदालतले निर्वासित पूर्वनेता शेख हसिनालाई बेपत्ता पारेको आरोपमा दोस्रो पटक पक्राउ पुर्जी जारी गरेको छ। विद्यार्थी नेतृत्वको आन्दोलनले सत्ताच्युत भएपछि गत अगस्टमा मित्र राष्ट्र भारतमा निर्वासित जीवन बिताइरहनुभएकी ७७ वर्षीया हसिनाविरुद्ध ढाकाले मानवताविरुद्धको अपराधको अभियोगमा यसअघि नै पक्राउ पुर्जी जारी गरिसकेको छ।

उहाँको १५ वर्षे कार्यकालमा उहाँका राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्याहरू भएको र व्यापक रूपमा मानव अधिकार उल्लङ्घन भएको आरोप लागेको छ। घरेलु अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आईसीटी) का मुख्य अभियोजक ताजुल इस्लामले दोस्रो पक्राउ पुर्जी उहाँको शासनकालमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूसँग सम्बन्धित रहेको बताउनुभयो।

बङ्गलादेशी सुरक्षाकर्मीले ५०० भन्दा बढी व्यक्तिलाई गैरकानूनी रूपमा नियन्त्रण गरेका थिए भने तीमध्ये केहीलाई वर्षौंदेखि गोप्य स्थानमा राखिएको थियो। पूर्व प्रधानमन्त्री हसिनाले सत्ता छोडेसँगै पीडितहरूले भोगेका कष्टदायी घटनाहरू सार्वजनिक गर्न थालेका छन्।

"अदालतले शेख हसिना र उहाँका सैन्य सल्लाहकार, सैनिक कर्मचारी र अन्य कानून प्रवर्तन अधिकारीहरू सहित ११ जनाविरुद्ध पक्राउपुर्जी जारी गरेको छ," इस्लामले पत्रकार सम्मेलनमा भन्नुभयो।

बङ्गलादेशले गत डिसेम्बरमा भारतलाई हसिनालाई मुद्दाको सामना गर्न फिर्ता पठाउन आग्रह गरेको थियो तर दिल्लीले त्यसको जवाफ दिन अस्वीकार गरेको थियो। इस्लामले अदालतले मुद्दाको सुनुवाइ अघि बढाउन चाहेको बताउनुभएको छ।

"हामी जतिसक्दो चाँडो मुद्दाको सुनुवाइ टुङ्ग्याउन चाहन्छौं, तर यसको अर्थ यो होइन कि हामी कानुन भङ्ग गर्छौं वा उचित प्रक्रिया बिना नै फैसला दिन्छौं," उहाँले भन्नुभयो। हसिनाको सरकार ढलेपछि उहाँका दर्जनौं सहयोगीलाई हिरासतमा लिइएको छ। उनीहरूलाई प्रहरी नियन्त्रण र कारबाहीमा संलग्न रहेको आरोप लगाइएको छ। उक्त कारबाहीमा ७०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो।

# हमासले 'बन्धकको अवस्था' बारे जानकारी दिएको छैन : इजरायल

जेरुसेलम, पुस २२ (रासस/एएफपी)।

इजरायलले हमास समूहले सम्भावित आदानप्रदान सम्झौताको पहिलो चरणमा रिहा गर्न तयार रहेको घोषणा गरेका ३४ जना बन्धकको अवस्था हालसम्म उपलब्ध नगराएको बताएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "इजरायलले अहिलेसम्म सूचीमा रहेका बन्धकहरूको स्थितिबारे हमासबाट कुनै टिप्पणी प्राप्त गरेको छैन।"

विज्ञप्तिमा भनिएको छ, "बन्धकहरूको सूची हमासद्वारा इजरायललाई प्रदान गरिएको थिएन तर इजरायलले जुलाई २०२४ मा मध्यस्थकर्ताहरूलाई दिएको थियो।"

मध्यस्थकर्ता कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले गाजा पट्टीमा इजरायल र हमासबीचको युद्ध अन्त्य गर्न महिनौंदेखि सम्झौता गर्ने प्रयास गरिरहेका छन्। हालैका दिनहरूमा दुवै पक्षका वार्ताकारहरूले दोहामा अप्रत्यक्ष वार्ता गरिरहेका छन्।

हमास समूहले ३४ जना बन्धकलाई रिहा गर्न सहमति जनाएको समूहका एक वरिष्ठ अधिकारीले आइतबार राति एएफपीसँग बताए। "हमासले पहिलो चरणको कैदी आदानप्रदान सम्झौताको एक भागको रूपमा इजरायलले दिएको सूचीबाट ३४ जना इजरायली कैदीहरूलाई रिहा गर्न सहमत भएको छ," ती अधिकारीले भने।

हमासका अर्का एक अधिकारीले नाम नबताउने शर्तमा भने, "प्रारम्भिक अदलाबदलीमा गाजामा रहेका सबै महिला, बालबालिका, वृद्धवृद्धा र बिरामी बन्दीलाई समावेश गरिनेछ।" यसका लागि हमासलाई आफ्नो अवस्था पत्ता लगाउन समय चाहिने उनले बताए।

"हमासले जीवित वा मृत ३४ जना कैदीलाई रिहा गर्न सहमत भएको छ", ती अधिकारीले भने, "यद्यपि, समूहलाई अपहरणकारीहरूसँग कुराकानी गर्न र जीवित र मरेकाव यक्तिहरूको पहिचान गर्न कम्तीमा पनि एक हप्ताको युद्धविराम हुनुपर्छ।"

सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणका क्रममा प्यालेस्टिनी लडाकूहरूले २५१ जना बन्धकहरूलाई कब्जामा लिएका थिए, जसमध्ये ९६ जना अझै पनि गाजामै रहेका र तीमध्ये ३४ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ।

# अख्तियारमा सप्तरीबाट ८ सय ४७ उजुरी



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा जनप्रतिनिधि, कर्मचारी तथा समाजका अगुवाहरुलाई राखेर भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रिय कार्यालय इटहरीले सोमबार अन्तरक्रियाको आयोजना गरेको छ ।

स्थानिय तहमा खरीद र भुक्तानी तथा विभिन्न विकास निर्माणका कार्यमा अनियमितताका उजुरी बढ्न थालेपछी आयोगले यस्तो कार्यक्रम मार्फत सचेतना सँगै सचेत गराउने प्रयास गरेको जनाएको छ ।

कार्यक्रममा आयोगका सिनियर डिभिजनल इन्जिनियर धिर फडेराले अख्तियारमा सबै भन्दा बढी स्थानिय तहको नै उजुरी आउने गरेकाले सचेतनाका लागि पनि यस्तो कार्यक्रम ल्याइएको बताए ।

कार्यक्रममा आयोगका शाखा अधिकृत रमेश सिङदेनले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि अपनाउनु पर्ने विधि बारे सबिस्तार जानकारी गराउँदै सहयोगका लागि अनुरोध गरेका थिए ।

उनले आयोगको कार्य क्षेत्र रहेको जिल्ला मध्ये चालु आ.ब.मा सब भन्दा बढी सप्तरीबाट ८ सय ४७ उजुरी परेको र त्यसमध्ये ६ सय ९४ फच्र्छौट भइसकेको जानकारी समेत दिए ।

गाउँपालिकाका अध्यक्ष अरुण मण्डलले अख्तियारद्वारा समय समयमा विभिन्न विषयलाई लिएर हुने गरेको पत्राचार र त्यसको जवाफ तयार पार्दापार्दै अन्य सेवा प्रवाहमा समस्या हुने गरेको दुखेसो पोखे । "एकातिर कर्मचारीको पुर्ण अभाव छ, अर्कोतिर अख्तियारले सोधेको र खोजेको विषयमा जवाफ दिन सबै कर्मचारी परिचालन हुँदा सेवाग्राही पनि समस्यामा पर्ने गरेका छन्, उनले भने, "यस तर्फ पनि अख्तियारको ध्यान पुग्नु जरुरी छ ।"

उनले कतिपय व्यक्ति अख्तियारलाई राजनीतिक प्रतिशोधको रुपमा पनि प्रयोग गर्ने गरेको भन्दै यसतर्फ पनि आयोगको ध्यानाकर्षण हुनु जरुरी रहेको बताए ।

कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्ण, समाजसेवी शम्भुलाल देवका साथै वडाअध्यक्ष, शिक्षक, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय र संघसंस्थाका प्रतिनिधिहरुले भ्रष्टाचार नियन्त्रण तथा सुशासनको विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

# कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिवसहित आठ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिवसहित आठ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । मन्त्रालयका तत्कालीन सचिव डा. नम्रता सिंह सहित ८ जना विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन सचिव सिंहसहित मन्त्रालयका तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख शंकरप्रसाद साह, कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डल, सहलेखापाल ब्रजेशकुमार साह, युवरानी मत्स्य तथा कृषि फार्म प्रालिका सञ्चालक तथा अध्यक्ष लक्ष्मीनारायण यादव विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

यसैगरी मन्त्रालयका तत्कालीन पशु चिकित्सक रञ्जितकुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाशकुमार झा र कृषि विकास निर्देशनालय, धनुषाका तत्कालीन कृषि अर्थविज्ञ विकासकुमार साह विरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ ।

आर्थिक वर्ष २०७९/८० मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश जनकपुरधामका खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखाका प्रमुख एवं कृषि ज्ञान केन्द्र, धनुषाका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञले सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपक्षी तथा मत्स्य विकास कार्यक्रमको रकममा व्यापक भ्रष्टाचार गरेको, नक्कली बिल भर्पाइका आधारमा भुक्तानी दिएको र स्पेसिफिकेशन अनुसारको सामान खरिद नगरेको आरोप लगाइएको छ ।

अख्तियारले एक करोड रुपैयाँ भ्रष्टाचार भएको दाबी गरेको छ । अख्तियारले बिगो असुल गरी आरोपीसँग कैद र जरिवाना गर्न समेत माग गरेको छ ।

# कमला पुल निर्माण पुनः सुरु

सिरहा, २२ पुस (रासस) ।

हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला पुल निर्माण पुनः सुरु भएको छ । गत असार पहिलो सातादेखि रोकिएको पुल निर्माण गत हप्तादेखि सुरु गरिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका योजना प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो ।

असोजबाटै सुरु हुनुपर्ने काम निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स' र बिमा कम्पनीबीचको विवादले ढिलाइ भएको थियो । "एक वर्ष अघि देखि पुल निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवाद उच्च अदालत पाटनमा विचाराधीन छ । यसबीचमा निर्माण कम्पनीले काम रोकेको थियो", योजना प्रमुख महतोले भन्नुभयो, "अदालतको निर्णय आउँदासम्म कुर्नुभन्दा पुल निर्माण सुरु गर्न दबाब परेपछि गत हप्तादेखि सुरु गरेको हो ।"

विसं २०६८ जेठ ३१ मा तीन वर्ष वर्षभित्र पुल निर्माण सम्मन्न गर्ने गरी निर्माण कम्पनी 'पप्पु कन्स्ट्रक्सन' लाई दिइएको थियो । तर निर्माण नगरेपछि पप्पुलाई कालोसूचीमा राखी बाँकी काम 'लुम्बिनी बिल्डर्स' लाई दिइएको थियो ।

यसबीचमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय र निर्माण कम्पनीबीच विसं २०८१ असार मसान्तसम्म भासिएको पुलको पुनःनिर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो । पुल निर्माण अन्तिम चरणमा भएका बेला बाढीले क्षति पुर्‍याएपछि कम्पनीले क्षतिवापत बिमाबाट पाउनुपर्ने रु १२ करोड रकम नपाएपछि अदालत गएको निर्माण कम्पनीका 'साइट इन्चार्ज' सुदीप थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "बिमा कम्पनीले बेइमानी नगरेको भए सम्भवत पुल निर्माण भइसक्थ्यो ।"

मधेसको 'लाइफ लाइन' मानिने कमला पुल निर्माण १३ वर्षदेखि अधुरो छ । हुलाकी राजमार्ग निर्देशनालय प्रमुख महतोको अनुसार निर्माण कम्पनीले अन्तिम पटक थपिएको म्यादअनुसार आगामी असारसम्म पुल निर्माण सम्पन्न गर्नुपर्नेछ । "निर्धारित समयमा पुल निर्माण हुन प्राविधिक समस्या हल भएका छन् । कानुनी समस्या बाँकी रहेकाले समयमा पुल निर्माण हुनेमा अझै शङ्का छ", प्रमुख महतोले भन्नुभयो ।

वर्षौंदेखि हुलाकी राजमार्ग प्रयोग गर्ने यात्रु तथा यहाँका स्थानीय वर्षातमा रु एक सय तिरेर डुङ्गाको सहारामा जोखिमपूर्ण यात्रा गर्ने गरेका छन् । हिउँदमा स्थानीय युवाको पहलमा अस्थायी बाँस र काठले बनाएको पुलमा रु २० तिरी वारपार गर्दै आइरहेका छन् । लामो समयदेखि रोकिएको पुल निर्माण सुरु भएपछि स्थानीय बासिन्दालाई पक्की पुलबाट यात्रा गर्ने आशा फेरी जागेको छ ।

# जनमत पार्टीद्वारा कार्यदल गठन

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ पुस ।**

जनमत पार्टीले मधेश केन्द्रित दलहरूबीच मोर्चाबन्दी गर्न दुई सदस्यीय कार्यदल गठन गरेको छ । कार्यदलमा पार्टीका केन्द्रीय उपाध्यक्ष अब्दुल खान र प्रवक्ता डा शरदसिंह यादव रहेका छन् ।

मधेश केन्द्रित दलहरूबीच संवाद र सहकार्यको पहल गर्न उक्त कार्यदल गठन गरिएको सो पार्टीले विज्ञप्तिमार्फत उल्लेख गरेको छ । पार्टीको केन्द्रिय सचिवालय समितिको निर्णयानुसार मधेश केन्द्रित दलहरूबीच मोर्चाबन्दीका लागि कार्यदलको जिम्मेवारी तोकिएको हो ।

पछिल्लो समय संविधान संशोधनको विषयवस्तु उठिरहेको सन्दर्भमा मधेश केन्द्रित दलहरूको साझा धारणा बनाउने क्रममा सहमतिको पहलका लागि कार्यदल गठन गरिएको सो पार्टीले जनाएको छ ।

यसअघि आइतबार लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) नेपालले कार्यगत एकता एवं राजनीतिक मुद्दा र सिद्धान्त मिल्नेहरूसँग पार्टी एकीकरणका लागि समिति गठन गरेको थियो ।

# वैदेशिक रोजगारका नाममा ठगी गरेको अभियोगमा तीन पक्राउ

काठमाडौँ, २२ पुस (रासस) ।

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सर्लाही गोडैता नगरपालिका-१० का २८ वर्षीय राकेशकुमार रावत, काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-११ का ३३ वर्षीय दुधराज थिङ र दाङ तुल्सीपुर उपमहानगरपालिका-५ का ३४ वर्षीया प्रभा श्रेष्ठ रहेका छन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले राकेशलाई काठमाडौँ महानगरपालिका-९ बाट शुक्रबार, दुधराजलाई ललितपुर महालक्ष्मी नगरपालिका-९ बाट र प्रभालाई ललितपुर महानगरपालिका-१० बाट आइतबार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकामध्ये राकेशले मौरिसस पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु छ लाख ४५ हजार, दुधराजले क्यानडा पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु सात लाख ५० हजार र प्रभाले सिङ्गापुर पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु सात लाख आठ हजार लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा पक्राउ गरिएको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीको भनाइ छ ।

### डाक्नेश्वरी ...

वेपत्ता गरेको कसुर सम्बन्धी दुई वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

नवनिर्वाचित वडा अध्यक्ष साह गत मंसिर २० गते पदभार ग्रहण कार्यक्रममा शरीक हुन गएका बेला पक्राउ परेका थिए ।


बि.स. २०७९ फागुन महिनामा डाक्नेश्वरी नगरपालिका १ का सन्तोषीलाई बलात्कार गरी हत्या गरेको देखेपछि उनका भाइ १३ वर्षका नितिशकुमार साहलाई अपहरण गरी बेपत्ता पारेको आरोप उनीहरुमाथी छ ।

### रकम दोब्बर ...

व्यक्तिहरु बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले रजकबाट ठगीमा परेका अन्य पीडितहरुलाई समेत लिखित उजुरीसहित सम्पर्कमा आउन अनुरोध गरेका थिए ।

यसैबीच रजकलाई सप्तरी जिल्ला अदालतले ठगी तथा अपराधिक विश्वासघात कसुर मुद्दामा पाँच दिन हिरासतमा राखी अनुसन्धान गर्न प्रहरीलाई अनुमति प्रदान गरेको छ ।

राजबिराज नगरपालिका
६ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं ६८९

मिति :-२०८१/०९/२२

राजबिराज नगर पालिका वडा नं. ६ बाट जारी गरिएको सुचना ।

बिषय :- सुचना प्रकाशित गरिदिने बारे ।

श्री ........................................

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक राजविराज नगरपालकि वडा न. ६ हाल राजबिराज नगरपालकि वडा नं. ७ बस्ने सकलदेव यादवको छोरा बिधानन्द यादव ना. प्र. न. ७३०७ मिति २०८१/०९/२२ को दर्ता न. ५६४ को बिधानन्द यादव र भैरव लाल यादवको संयुक्त निबेदन मांग हुन आएको हुदा सो सम्बन्धमा सकलदेव यादवको नाउमा साविक राजविराज नगरपालिका वडा न. ७ हाल वडा न. ६ मा पर्ने जग्गा को किता न. ७८८ को क्षेत्रफल ०-०-२.७५ दर्ता कायम रहेको र श्री सप्तरी जिल्ला अदालत बाट मिति २०७९/१२/२७ मा मिलापत्र भई सोहि अनुसार सकलदेव यादवको नाउमा रहेको जग्गा दुइ दाजु भाई बिधानन्द यादव र भैरव लाल यादव लाई मालपोत कार्यालयको नाउमा सिफारिस गरिदिएमा अरु कसैको हकदाबी ,अंस रहेको भए सो आफु संग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ पैंतिस दिन भित्र आई दिनु होला अन्यथा कानुन बमोजिम भई जाने छ ।

शशी कुमार चौधरी
वडा अध्यक्ष


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*